नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फोन नं:- ०१५३५६२१७, ०१५३५६२३१
पर्यटक प्रहरी : ०१५३४७०४१
महानिर्देशक :- ५३४७०३७
भृकुटीमण्डप, काठमाडौं

# प्रेस विज्ञप्ति

## सन् २०२६ को वसन्त ऋतुको लागि सगरमाथाको शिखरसम्म डोरी टाँग्ने कार्य सम्पन्न

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०८२/०९/०२ (सचिवस्तर) को निर्णयानुसार सोलुखुम्बु स्थित सगरमाथा, ल्होत्से र नुप्से हिमशिखरको आरोहण मार्गमा पर्ने खुम्बु आइसफलको मार्ग सम्बन्धी व्यवस्थापकीय कार्यको लागि सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) लाई र सो भन्दा माथि सगरमाथाको चुचुरोसम्म आरोहण कार्यका लागि डोरी टाँग्ने ( Rope Fixing) कार्यको लागि पर्वतारोहण सञ्चालक संघ नेपाल (EOA-Nepal) लाई जिम्मेवारी प्रदान गरिएको थियो।

उल्लिखित निकायहरू मार्फत परिचालित जनशक्तिले आपसी समन्वय र सहकार्यमा मिति २०८३ वैशाख ३० गते बुधबार (तद्नुसार १३ मे २०२६) बिहान १०:२५ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने कार्य सम्पन्न गरी बाटो खोल्न सफल भएको छ ।

भौगोलिक जटिलता, मौसमी विषमता तथा व्यवस्थापकीय जोखिमका बाबजुद सगरमाथाको आधारशिविर देखि चुचुरोसम्मको आरोहण मार्ग निर्माण तथा खुला गर्ने कार्यमा संलग्न तपसिलका आइसफल डाक्टर तथा पथप्रदर्शकहरूबाट गरिएको योगदानका लागि विभाग धन्यवाद व्यक्त गर्दछ। मन्त्रालयको निरन्तरको मार्गदर्शन अनुरूप पर्यटन विभागसँगको निरन्तर समन्वयमा उक्त कार्य सम्पन्न गर्न सघाउनुहुने सम्पूर्ण सरोकारवालाहरू प्रति विभाग हार्दिक कृतज्ञता व्यक्त गर्दछ।

**सगरमाथाको बाटो खोल्ने / डोरी टाँग्ने (Rope Fixing) कार्यमा संलग्न:**

क. आइसफल डाक्टरहरू:
(बेस क्याम्प देखि क्याम्प-२ सम्म)

1. Ang Sarki Sherpa
2. Dawa Jangbu Sherpa
3. Tendu Sherpa,
4. Ngima Tenji Sherpa,
5. Phura Chheten Sherpa,
6. Dawa Chhirri Sherpa,
7. Sonam Geljen Sherpa
8. Mingma Gyaljen Sherpa

ख. पथप्रदर्शकहरू:
(क्याम्प-२ देखि चुचुरोसम्म)

1. Mingma Dorchi Sherpa
2. Pasang Tashi Sherpa
3. Lopsang Bhutia
4. Ming Nurbu Sherpa
5. Chhomba Tenji Sherpa
6. Guru Bhote
7. Pam Dorjee Sherpa
8. Mingma Tenje Sherpa
9. Ming Temba Sherpa
10. Dendi Sherpa
11. Pasang Nurbu Sherpa

मिति २०८३/०१/३०
ने.सं. ११४६ बछलागा, ११

हिमाल गौतम
निर्देशक/ सूचना अधिकारी